आ.व २०८०/८१ को सोह्रौ कार्यालिका बैठक

आज मिति २०८० साल चैत्र १४ गते यस राप्ती गाउँकार्यपालिका का अध्यक्ष श्री प्रकाश विष्टज्युको अध्यक्षतामा र तपशिलको उपस्थितिमा गाउँकार्यपालिकाको आ.व.२०८०/८१ को सोह्रौ बैठक बसी देहाय बमोजिमको निर्णय गरियो।

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रकाश विष्ट | अध्यक्ष | |
| २ | श्री कमलापति चौधरी | उपाध्यक्ष | |
| ३ | श्री गेने खड्का | गाउँ कार्यपालिका सदस्य | |
| ४ | श्री पहलवान चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ५ | श्री उमेश अधिकारी | गाउँ कार्यपालिका सदस्य | |
| ६ | श्री शिर बहादुर चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ७ | श्री देव प्रसाद चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ८ | श्री दिपक कुमार चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर गुरुङ | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री मिम बहादुर सुनारी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री पार्वती सुवेदी | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रा भुसाल | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री रम बहादुर पुजाली सार्की | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री गिता चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री चौधरी | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री सचिव परिवार | गाउँ कार्यपालिका सदस्य | |
| १८ | श्री नेत्र बहादुर वली | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

१. ई. कपिलराज पोखेल,कार्यकारी प्रमुख लुम्बिनी प्रदेश पुर्वाधार विकास प्राधिकरण राप्ती उपत्यका

२. विशाल विक, शाखा अधिकृत

३. अशोक केल्वासे, ईन्जिनियर

४. भागी सन्यासी, सि. अ. न. मी. नि.

५. सीता पोडेल, रोजगार सहायक

मिति २०८०।१२।१४ मा बसेको १६ औं कार्यपालिका बैठकका प्रस्तावहरु

१. पुर्व निर्णयको कार्यान्वयनको पुनरावलोकन सम्बन्धमा ।
२. विद्युत दर्घटनाका मृतकलाई राहत प्रदान गर्ने सम्बन्धमा ।
३. घरनक्सा अनुमति सम्बन्धमा ।
४. मुक्त कमैया, कमलरी पुनस्थापना कार्यविधि, २०८० ।
५. अटोको भाडा दर र रुट परमिट सम्बन्धमा ।
६. उद्यम सहजकर्ता म्याद थप सम्बन्धमा ।
७. पालिकाभित्र बसोबास गर्ने ५ वर्ष मुनिका बालबालिका र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा ल्याब, X-ray, USG छुट सम्बन्धमा ।
८. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धमा ।
९. संस्थागत विद्यालयको छात्रवृति, शुल्क निर्धारण सम्बन्धमा ।
१०. राप्ती गाउँपालिकाको नीजि जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन्, सङ्कलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०८० सम्बन्धमा ।
११. राप्ती गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन २०८० सम्बन्धमा ।
१२. राप्ती गाउँपालिकाको बेरुजु फर्छौट निर्देशिका २०८० सम्बन्धमा ।
१३. राप्ती गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०८० सम्बन्धमा ।
१४. श्रीनारायण चोकदेखि देवीकोट हुँदै स्वर्गद्धवारी जोड्ने सडक खण्डको दोलाइ खोलामा पक्की पुल डिपिआर सम्बन्धमा ।
१५. जनप्रतिनीधि, शिक्षक कर्मचारीका सन्तानलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउने सम्बन्धमा ।
१६. आन्तरिक नियन्त्रण कार्यविधि २०८० स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं १ मा छलफल गर्दा राप्ती गाउँ कार्यपालिकाको बैठकबाट यस अघि भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरियो । गाउँपालिका स्थापना दिवस र सम्मान कार्यक्रम सौहार्दपूर्ण रुपमा सम्पन्न भयो । यस अघि निर्णय भएको अटो पार्किङ सम्बन्धी विषय हालसम्म कार्यान्वयन नभएकोले तत्काल कार्यान्वयनका लागि निर्देशन प्रदान गर्ने ।

निर्णय नं २ प्रस्ताव नं २ मा छलफल गर्दा राप्ती गाउँपालिका वडा नं ३ मसुरीयामा मिति २०८०।१२।१० गते विद्युतको तार चुडिई एकाघरका तपसिल बमोजिमका नागरिकको विद्युतिय करेन्ट लागि मृत्यु भएकोले यस गाउँपालिकाबाट जनही रु २५०००।– मृतकका परिवारलाई नगद राहत उपलब्ध गराउने र प्रदेश सरकारबाट प्राप्त हुने जनही रु. १०००००।– र संघीय सरकारबाट प्राप्त हुने रकम जनही रकम रु. २०००००।– उपलब्ध गराउने प्रयोजनको लागि गृह मन्त्रालय लुम्बिनी प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालय दाङलाई सिफारिससहित अनुरोध गर्ने ।

तेज बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. मृतक गोरखाबहादुर के.सी. वर्ष ६७, राप्ती गाउँपालिका वडा नं ३ मसुरीया
२. मृतक दिलसरा के.सी. वर्ष ५५ राप्ती गाउँपालिका वडा नं ३ मसुरीया
३. मृतक इश्वर के.सी. वर्ष ४ राप्ती गाउँपालिका वडा नं ३ मसुरीया

निर्णय नं ३. प्रस्ताव नं ३ मा छलफल गर्दा राप्ती गाउँपालिकाको हाल रोक्का रहेको नक्सा पास प्रक्रिया तथा अन्तिम पटक घर अभिलेखीकरणका लागि समय दिई वैशाखभित्र सुरु गर्ने। राप्ती गाउँपालिकाको योजना तथा भवन निर्माण कार्यविधि २०७५ को संशोधन स्वीकृत गर्ने।

निर्णय नं ४ प्रस्ताव नं ४ मा छलफल गर्दा राप्ती गाउँपालिकाको मुक्त कमैया, कमलरी पुनस्थापना कार्यविधि, २०८० स्वीकृत गर्ने।

निर्णय नं ५ प्रस्ताव नं ५ मा छलफल गर्दा स्थानीय सार्वजनिक यातायात अटो सञ्चालन, व्यवस्थापन गर्ने र भाडादरलाई वैज्ञानिक तुल्याउनका लागि यथासिघ्र छलफल, समन्वय र अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय अनुसारको कार्यदललाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

१. श्री वीरबहादुर चौधरी पूर्वाधार विकास समिति संयोजक- संयोजक
२. श्री गेने खड्का वडा नं १ का वडाध्यक्ष- सदस्य
३. श्री देवप्रसाद चौधरी वडा नं ५ का वडाध्यक्ष -सदस्य
४. श्री दिपककुमार चौधरी वडा नं ६ को वडाध्य- सदस्य
५. श्री चन्द्रबहादुर गुरुङ वडा नं ८ का वडाध्यक्ष -सदस्य
६. श्री सावित्रा चौधरी कार्यपालिका सदस्य-सदस्य
७. ई. श्री अशोक बेलबासे पूर्वाधार विकास शाखा- सदस्य सचिव

निर्णय नं ६ प्रस्ताव नं ६ मा छलफल गर्दा राप्ती गाउँपालिकामा कार्यरत उद्यम विकास सहजकर्ताहरुको म्याद थप २०८० पुष १ देखि २०८१ असार मसान्तसम्म थप गर्ने। निजहरुलाई उद्यमशिलता सम्बन्धी विद्यालय शिक्षा कार्यक्रममा समेत सहजकर्ता परिचालन गर्ने।

निर्णय नं ७. प्रस्ताव नं ७ राप्ती गाउँपालिकाभित्र बसोबास गर्ने ५ वर्ष मुनिका बालबालिका र ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई यस गाउँपालिकाभित्रका स्वास्थ्य संस्थामा ल्याब, X-ray, USG छुट सम्बन्धमा छलफल गर्दा सिसहनिया र लालमटिया स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्षहरुलाई परिचालन गरी स्व संस्थामा हुने आम्दानी र खर्चको खुल्ने प्रस्तावित खर्च विवरणसहितको प्रतिवेदन एक हप्ताभित्र पेश गर्न निर्देशन दिने।

निर्णय नं ८. प्रस्ताव नं ८ मा छलफल गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले गरेको व्यवस्थालाई राप्ती गाउँपालिकाभित्र कार्यान्वयन गर्ने सन्दर्भमा प्रत्येक वडा, सामुदायिक तथा संस्थागत विद्यालय तथा सरोकारवालाहरुको

सहकार्य, समन्वय र व्यवस्थापनमा तथ्याङ्क सङ्कलन गर्ने, अभिलेख कायम गर्ने, विपन्न नागरिकहरुको निःशुल्क शिक्षा प्रदान गर्ने सन्दर्भमा कार्य सञ्चालन प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं ९  प्रस्ताव नं ६ मा छलफल गर्दा  विद्यालयहरुमा प्रदान गरिने छात्रवृत्ति तथा संस्थागत विद्यालयहरुको शुल्क निर्धारण कार्यका लागि कार्यविधि निर्माण गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने ।

निर्णय नं १० प्रस्ताव नं १० मा छलफल गर्दा राप्ती गाउँपालिकाको नीजि जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन्, सङ्कलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०८० स्वीकृत गर्ने ।

निर्णय नं ११ प्रस्ताव नं ११ मा छलफल गर्दा राप्ती गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन २०८० स्वीकृत गर्ने ।

निर्णय नं १२ प्रस्ताव नं १२ मा छलफल गर्दा राप्ती गाउँपालिकाको बेरुजु फर्छौट निर्देशिका २०८० स्वीकृत गर्ने ।

निर्णय नं १३ प्रस्ताव नं १३ मा छलफल गर्दा राप्ती गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०८० स्वीकृत गर्ने ।

निर्णय नं १४ प्रस्ताव नं १४ मा छलफल गर्दा राप्ती गाउँपालिका वडा नं ४ श्रीनारायण चोकदेखि- देवीकोट- स्वर्गद्धारी सडक खण्डको दोलाइ खोलामा पक्की पुलको डिपिआर गर्ने ।

निर्णय नं १५ प्रस्ताव नं १५ मा छलफल गर्दा राप्ती गाउँपालिकाभित्रका जनप्रतिनीधि, शिक्षक कर्मचारीका सन्तानलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउने कार्यका लागि सरोकारवालाहरुसँग तत्काल छलफल गरी टुङ्गो पुर्‍याउने ।

निर्णय नं १६ प्रस्ताव नं १६ मा छलफल गर्दा आन्तरिक नियन्त्रण कार्यविधि २०८० स्वीकृत गर्ने ।